# तुम्बेवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवा, पाँचथर

कोशी प्रदेश, नेपाल

प.स.०८१/०८२
च.नं.

तुम्बेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवा, पाँचथर कोशी प्रदेश नेपाल २०७३

मिति: २०८१/०५/०७
ने.सं.: ११४४ गुँलागा, ०३ विहीबार

**विषय: शिविर सञ्चालन हुने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा तुम्बेवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आयोजनामा यस गाउँपालिका भित्र रहेका जेष्ठ नागरिक, असहाय, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरि देहायको मिति, समय र स्थानमा **राष्ट्रिय परिचयपत्र वितरण** र **नयाँ राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता शिविर** सञ्चालन हुने बेहोरा तुम्बेवाबासी नागरिकहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त शिविरमा यस अघि नै आवेदन दिइसकेका आवेदकहरुको आवेदनपत्र रुजु गरी राष्ट्रिय परिचयपत्र वितरण समेत गरिने बेहोरा जानकारी गराईन्छ ।

**तपसिल:**

मिति: २०८१/०५/१० र ११ गते

समय: विहान ११:०० बजे देखि

स्थान: तुम्बेवा गाउँपालिकाको सदरमुकाम मौवा बजार, पाँचथर

**आवश्यक कागजातहरु:-**

- नेपाली नागरिकता प्रमाण पत्रको सक्कल प्रति (नागरिकताको प्रमाणपत्रमा जन्म मिति नखुलेको हकमा जन्म मिति खुल्ने आधिकारिक प्रमाण (जन्म दर्ता, शैक्षिक प्रमाणपत्र, राहदानी, पेन्सन पट्टा वा विवरण पुष्टि हुने अन्य कागजातहरु)
- बसाईसराई गरी आएका लाभग्राहीहरुको हकमा बसाईसाराई दर्ता सक्ल प्रति (नागरिकतामा उल्लेख भएको स्थायी ठेगाना भन्दा फरक ठेगाना भएमा )
- विवाहितको हकमा विवाहदर्ता प्रमाणपत्र र श्रीमान/श्रीमतिको नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति (नागरिकतामा पति वा पत्नीको नाम खुलेको भएमा सोहि प्रमाणपत्र अन्यथा विवाह प्रमाणित/नाता प्रमाणितको सक्कल प्रमाणपत्र)
- एकल (विधवा) महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको सक्कल प्रति
- राष्ट्रिय परिचयपत्रको लागि आवेदन दिइसकेको भए आवेदनको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति लिएर स्वयं उपस्थित हुनको लागि जानकारी गराईन्छ ।

२०८१/०५/०६

केशव कुमार थापा
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

जय तुम्बेवा